आज मिति २०८३ साल वैशाख २३ गते बुधबार बिहान ११ बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको ११२ औं र आर्थिक वर्ष २०८२।०८३ को १२ औं बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

तपसिलः

| क.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | जमुना |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | पवित्रा |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

आ.व २०८२।०८३ को बाह्रौं एवं समग्रमा ११२ औं गाउँ कार्यपालिका बैठक मिति २०८३।१।२३ का निर्णयहरु

बरेङ गाउँपालिका गाउँ कार्यपालिका हुग्दिशिर, २०७३

निर्णय नं १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बरेङ गाउँपालिकाको कार्यपालिका बाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको गहन छलफल गर्दा अधिकांश निर्णहरु कार्यान्वयन भएको देखियो र अगामी दिनमा थप प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्दै जाने।

निर्णय नं २.

आ.व २०८३/८४ बजेट निर्माण सम्बन्धी भएको छलफलमा बजेट अनुमान तथा सीमा निर्धारण समितिद्वारा तयार पारिएको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र प्राथमिकताका आधारहरुलाई स्वीकृत गरियो साथै वैशाख मसान्तभित्र सम्पूर्ण वडाहरुले कार्यतालिका निर्माण गरी टोल-बस्ती भेला बाट आयोजान छनोट गरी वडा समितिमा पेश गर्ने।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सम्झौता हुन बाँकी रहेका योजनाहरु अत्यन्त महत्त्वपूर्ण र कार्यान्वयन नगरी नहुने रहेमा योजनाहरु सम्झैता गर्ने र सम्झौता भईसकेका योजनाको नियमित अनुगमन गरी यथाशिघ्र सम्पन्न गर्ने ।

निर्णय नं. ४

आ.व २०८३/८४ निति तथा कार्यक्रम र बजेट निर्माणका लागि नियमित बैठक बसी आवश्यक सहयोग र सहजीकरण गर्न विषयगत समिति संयोजक र सदस्य सचिवलाई निर्देशन दिने। साथै आर्थिक विकास समितिको सदस्य सचिव रुपमा कृषि शाखा प्रमुखलाई तोक्ने।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्वास्थ्य संस्थामा कर्मचारी व्यवस्थापनका लागि स्थानीय सेवा गठन तथा सञ्चालन ऐन बमोजिम स्वास्थ्य शाखा प्रमुख सँग समन्वय गरी व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

निर्णय नं ६.

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आ.व २०८२/०८३ को विवरण प्रविष्ट गर्ने सम्बन्धी प्राप्त पत्रानुसार प्रविष्टि कार्यका लागि सम्बन्धित विषयगत समिति, स्वःमूल्याङकन समन्वय समिति र शाखालाई जिम्मेवारी प्रदान गर्नुका साथै उक्त प्रविष्टि कार्य समयसीमा भित्र सम्पन्न गर्ने/गराउन सम्पर्क शाखालाई निर्देशन दिने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को बाह्रौं एवं समग्रमा ११२ औं गाउँ कार्यपालिका बैठक मिति २०८३।१।२३ का निर्णयहरु

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बरेङ गाउँपालिका आ.व २०८०/८१ मा श्री लावङ लामा कन्स्ट्रक्सन, काठमाण्डौ सँग सम्झौता भई सम्पन्न भएको "नयाँ बजार सल्यान सुखौरा सडक BRM/NCB/RW/2080/81"को विभिन्न खण्ड मर्मत कार्य मिति २०८२/८/२५ गतेको निर्णय बमोजिम सम्पन्न भएकाले ठेक्काको धरौटी रकम बाट मर्मत कार्यको भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व २०८२/८३ स्वीकृत अर्लातुङ खेलमैदान ट्रस्ट निर्माण आयोजनाको विस्तृत लागत अनुमान तयार गर्दा स्वीकृत बजेट भन्दा बढी हुनआएकाले आयोजनाको औचित्य र प्रभावकारितालाई मध्यनजर गर्दै अपुग रकम भैपारी पूँजिगत शीर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

विविध निर्णयहरु:

क) एक घर एक महिला रोजगार कार्यक्रम सम्बन्धी मिति २०८२/१२/८ प्रकाशित सूचना अनुसार कम आवेदन परेको हुनाले ७ दिने दोस्रो सूचना प्रकाशन गर्ने।

ख) वर्षातको समयमा स्थानीय सडकलाई बिग्रिनबाट जोगाउनको साथै ग्रामीण सडकहरुको नियमित मर्मत सम्भारको लागि प्रत्यक वडाले RMG सञ्चालन कार्यविधिलाई आधार मानि आवश्यकता अनुसार समूह गठन गरि प्राविधिक रेखदेखमा नियमित र आवधिक सडक मर्मतका कार्यहरु गर्ने र उक्त मर्मत कार्य सम्पन्न भएपश्चात मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने।

ग) कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास तालिम सम्बन्धमा भएको छलफलमा स्थानीय सरकारलाई प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउने उद्देश्यसाथ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोग मिति २०८३ जेठ १५, १६ र १७ गते सर्वोदय मा.वि बरेङबजारमा संचालन गर्ने।

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ५५ अनुसार गाउँपालिकाले संवैधानिक तथा कानुनी क्षेत्राधिकारभन्दा बाहिर पर्ने कुनै पनि कर, शुल्क, दस्तुर, वा अन्य राजश्व शीर्षक सिर्जना गरी करारोपण, संकलन वा असुलउपर नगर्ने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष